आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १७ जुलाई २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. सरकारले संसदको बजेट अधिवेशन अघि आगामी आइतबार सर्वदलीय बैठक बोलाएको छ।

२. स्वास्थ्य मन्त्री जेपी नड्डाले केन्द्रीय औषधि मानक नियन्त्रण संगठनका अधिकारीहरुसँग नयाँ दिल्लीमा समीक्षा बैठक गर्नुभएको छ ।

३. भाजपा का वरिष्ठ नेता शुभेंदु अधिकारीले पश्चिम बंगालमा सम्पन्न लोकसभा चुनावहरुमा पार्टीको खराब प्रदर्शन पछि पार्टीको अल्पसंख्यक मोर्चाको आवश्यकता नरहेको बताउनु भएको छ स

४. बङ्गलादेशका प्रधानमन्त्री शेख हसिनाले तिस्ता नदी परियोजना भारतलाई दिन तयार रहेको बताउनु भएको छस

५. दार्जिलिङका लोकसभा सांसद एवं भाजपाका राष्ट्रिय प्रवक्ता राजु बिष्टले शहिद कप्तान ब्रिजेश थापा र उनका जवान साथीहरुप्रति श्रद्धाञ्जलि अर्पन गर्नु भएको छ।

**सरकार -अधिवेशन**

सरकारले संसदको बजेट अधिवेशन अघि आगामी आइतबार सर्वदलीय बैठक बोलाएको छ। बैठकमा सरकारले संसदका दुवै सदनलाई सुचारु रुपमा सञ्चालन गर्न सबै राजनीतिक दलहरुसँग सहयोगको लागी अनुरोध गर्नेछ। बजेट अधिवेशन यही महिनाको २२ तारिखदेखि आगामी १२ अगस्त सम्म जारी रहनेछ । २३ जुलाई को दिन बजट पेश गरिनेछ स नरेन्द्र मोदी सरकारको तेस्रो कार्यकालमा यो पहिलो बजेट हुनेछ। गत महिना संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्दै राष्ट्रपति द्रौपदी मुर्मूले बजेट सरकारको दूरगामी नीति र भविष्यको दृष्टिकोणको प्रभावकारी दस्तावेज हुने बताउनुभएको थियो ।

****** ० ******

**स्वास्थ्य मंत्री जगत प्रकाश नड्डा**

स्वास्थ्य मन्त्री जेपी नड्डाले केन्द्रीय औषधि मानक नियन्त्रण संगठनका अधिकारीहरुसँग नयाँ दिल्लीमा समीक्षा बैठक गर्नुभएको छ । बैठकमा स्वास्थ्य सचिव अपूर्व चन्द्रा र अन्य वरिष्ठ अधिकारीहरू उपस्थित थिए। केंद्रीय औषधि मानक नियंत्रण संगठनले देशमा औषधिए चिकित्सा उपकरण र सौंदर्य प्रसाधनोहरुको गुणस्तर र सुरक्षालाई नियन्त्रित गर्दछ। श्री नड्डाले यसै महिनाको शुरुमा राष्ट्रिय स्वास्थ्य प्राधिकरणका वरिष्ठ अधिकारीहरूसँग आयुष्मान भारत, प्रधान मन्त्री जन आरोग्य योजना र आयुष्मान भारत डिजिटल मिशनको समीक्षा गर्नुभएको थियो।

****** ० ******

**विदेशमंत्री – एस जयशंकर**

विदेशमन्त्री डा.एस. जयशंकरले मौरिससको औपचारिक भ्रमणको क्रममा मौरिससका पूर्वप्रधानमन्त्रीहरू डा. नवीन रामगुलाम र पल बेरेन्जरसँग भेटघाट गर्नुभएको छ। डा. नवीन रामगुलामसँगको भेटपछि डा .जयशंकरले लामो समयदेखिको द्विपक्षीय साझेदारी र यसको थप विकासका लागि व्यापक चर्चा भएको बताउनु भएको छ । श्री पलसँगको भेटमा विदेशमन्त्रीलेए "दुई नेताबीच समसामयिक विश्वव्यापी मुद्दाहरूमा कुराकानी भएको छ। दुवै नेताले भारत–मौरिसस सम्बन्ध र हिन्द महासागर क्षेत्रको समृद्धि र

कल्याणका लागि यसको महत्वबारे चर्चा गर्नुभएको छ । मन्त्री ले पार्टि मौरिसियन सामाजिक डेमोक्रेट जेभियर लुक दुभालका नेता संग पनि भेट गर्नुभयो ।

****** ० ******

**कलकता उच्च न्यायालय -राज्यपाल**

कलकत्ता उच्च न्यायालयले एक अस्थायी आदेश जारी गर्दै पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बनर्जी र अन्य टीएमसी नेताहरूलाई राज्यपाल सीवी आनन्द बोस बिरुद्ध सामाजिक सञ्जालमा अपमानजनक र गलत बयान दिन प्रतिबन्ध लगाएको छ। पश्चिम बङ्गालका राज्यपालले दर्ता गरेको मानहानिको मुद्दामा उच्च न्यायलयका न्यायाधीश कृष्ण रावको खंडपीठले आफ्नो अन्तरिम आदेशमा ममता बनर्जी र अन्य टीएमसी नेताहरूलाई १४ अगस्तसम्म सोशल मिडियामा कुनै पनि बयान दिन रोक लगाएको छ। उच्च न्यायालयले राज्यपाल बोस संवैधानिक पदमा रहेको र उहाँमाथि व्यक्तिगत रूपमा आक्रमण गर्न नमिल्ने बताएको छ।

****** ० ******

**भाजपा -शुभेन्दु अधिकारी**

भाजपा का वरिष्ठ नेता शुभेंदु अधिकारीले पश्चिम बंगालमा सम्पन्न लोकसभा चुनावहरुमा पार्टीको खराब प्रदर्शनको कारण अल्पसंख्यक समुदायबाट समर्थनमा कमी रहेको बताउनु भएको छ । उहाले भन्नु भयो सबका साथ, सबका विकासश को अब आवश्यक छैन स भाजपाको राज्य कार्यकारिणीको विस्तारित बैठकलाई समोधन गर्नुहुदै एश्री अधिकारीले पार्टीको अल्पसंख्यक मोर्चाको आवश्यकतालाई पनि खारेज गर्नु भएको छ द्य उहाले भन्नुभएको छ - हामी सबैले श्सबका साथए सबका विकासश भन्ने गर्थ्यौ तर अब जसले हामीलाई साथ् दिनेछ उसैलाई साथ् दिनेछौस उहाले अल्पसंख्यक मोर्चाको अब आवश्यकता नरहेको बताउनु भएको छ। श्री अधिकारीले लोकसभा चुनाव अवधि बिपक्षी दलहरुले बिभिन्न क्षेत्रमा हिंदु मतदाताहरुलाई वोट हाल्न नदिएको आरोप लगाउनु हुदै पश्चिम बंगालमा स्वतंत्र औ निष्पक्ष चुनाव संभव छैन भनि बताउनुभएको छ स

****** ० ******

**बङ्गलादेशका प्रधानमन्त्री-टिस्टा परियोजना**

बङ्गलादेशका प्रधानमन्त्री शेख हसिनाले तिस्ता नदी परियोजना भारतलाई दिन तयार रहेको बताउनु भएको छ ।प्रधानमन्त्री हसिनाले आफुलाई चीनले धोखा दिएको र चीन माथी कुनै भरोसा नभएको बताउनु हुँदै चीन को यात्रा बिचमानै छोडेर बङ्गलादेश फर्कि आएको बताउनु भएको छ। उहाँले देश फर्की आएपछि एक बिलियन डलर को परियोजना भारतलाई दिन तयार रहेको बताउनु भएको छ। उहाले भन्नू भएको छ - तिस्ता नदी परियोजनालाई पूरा गर्नको लागि चीन को अब साटो भारतलाई प्राथमिकता दिइनेछ।

****** ० ******

**राजु विस्ट -श्रद्धाञ्जली**

दार्जिलिङका लोकसभा सांसद एवं भाजपा का राष्ट्रिय प्रवक्ता राजु बिष्टले कश्मीरमा मातृभूमिको रक्षा गर्दै वीरगति प्राप्त गर्ने ब्रिजेश थापा र उनका जवान साथीहरु प्रति श्रद्धाञ्जलि अर्पन गर्नु भएको छ। उहाले आज बागडुग्रा हवाई अड्डा हुँदै पैतृक घर दार्जीलिङ लैजाने क्रममा शहिद थापाप्रति श्रद्धाञ्जली अर्पन गर्नु भएको हो ।सांसद श्री बिष्टले भन्नू भयो - मेजर बृजेश थापाए राष्ट्रको लागि बलिदान दिने अमर भारतीयहरूको सेनामा सामेल भएका छन्। श्री बिष्टले यस दु:खको घडीमा मेजर थापाका परिवार प्रति समबेदना व्यक्त गर्नु हुँदै वीर सपुतको इतिहास सधै अमर रहने बताउनु भएको छ।

****** ० ******

**ममता ब्यनर्जी -मुहर्रम**

मुख्यमंत्री ममता बनर्जीले मोहर्रमको अवसरमा राज्यवासीलाई बधाई दिनुभएको छ द्य उहाले भन्नुभएको छ यस पर्वले हामीलाई अन्यायको बिरुद्ध खडा हुन अनि समझौता नगर्ने शिक्षा दिंदछ द्य उहाले सबै मानिसहरु सित शांति अनि समृद्धि को मार्गमा अघि बढ़ने अपील गर्नु भएको छ स

****** ० ******

**अशुरा-ए-मुहर्रम**

अशुरा-ए-मुहर्रम आज देशभरि श्रद्धा र भक्तिको साथ मनाइँदैछ। यो दिन पैगम्बर मोहम्मदका नाति हजरत इमाम हुसेन र उनका साथीहरूको शहादतको प्रतीक होए जसले कर्बलामा सत्यए धार्मिकता र न्यायको लागि आफ्नो जीवन बलिदान गरे। इस अवसर पर ताजिया जुलूस निकालिन्छ स कर्बला शहीदहरूको सर्वोच्च बलिदानलाई उजागर गर्ने मजालीहरू वा धार्मिक सभाहरू पनि आयोजना भइरहेका छन्। महोत्सवका लागि व्यापक सुरक्षा व्यवस्था मिलाइएको छ।

****** ० ******

प्रधानमन्त्री – असारको शुभकामना

प्रधानमन्त्री नरेन्द्र मोदीले आषाढ एकादशीको अवसरमा देशवासीमा शुभकामना व्यक्त गर्नुभएको छ । श्री मोदीले सामाजिक सञ्जालमाए श्भगवान विठ्ठलको आशीर्वाद सधैं सबैमा रहिरहनेछ र आनन्द र समृद्धिले भरिएको समाज निर्माण गर्न प्रेरणा मिल्नेछ भनी बताउनु भएको छ । उहाले यस अवसरले भक्तिए नम्रताए करुणा र लगनशीलताका साथ गरिब भन्दा गरिबको सेवा गर्न उत्प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।

****** ० ******

**सिक्किम मुख्यमन्त्री – शहिद**

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले भारतीय सेनाका क्याप्टन शहिद ब्रिजेश थापा र उनका साथीहरूप्रति गहिरो शोक व्यक्त गरेका छन्ए जसले कश्मीरमा देशको रक्षा गर्दै वीरगति प्राप्त गरेका छन्।मुख्यमन्त्रीले सामाजिक संजालमा आफ्नो मातृभूमिको रक्षा गर्दै कश्मीरमा शहीद बनेका क्याप्टन ब्रिजेश थापा र उनका साथीहरूप्रति गहिरो शोक व्यक्त गर्नुभएको छ स मुख्यमन्त्रीले आफ्नो सन्देशमा भन्नुभएको छ -ए श्क्याप्टन ब्रिजेश थापा ती अमर भारतीयहरूको सेनामा सामेल भएका छन् जसले हाम्रो देशको निम्ति सर्वोच्च बलिदान दिएका छन्।श्मुख्यमन्त्रीले यस दु:खको समयमा शोक सन्तप्त परिवार र आफन्तहरूप्रति समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तिको निम्ति प्रार्थना गर्नुभएको छ।

****** ० ******

**मुख्यमन्त्री – दुर्गा पुजा**

अक्टोबर महिनाको दोस्रो सप्ताहमा दुर्गा पुजा पालन गरिन्छ स यस महोत्सवको तयारीको लागी आगामी मंगलबार नेताजी इन्डोर स्टेडियममा मुख्यमन्त्री ममता ब्यनार्जीले बैठक गर्नुहुनेछ स यस बैठकमा राज्यको मुख्य सचिव बीपी गोपालिका ,गृह सचिव नन्दिनी चक्रवर्ती , राज्य पुलिसका डिजी राजीब कुम्नार समेत प्रशासनका शीर्ष अधिकारीहरु उपस्थित रहनेछन् स प्रत्येक बर्ष मुख्यमन्त्रीले यस बैठकको माध्यम द्वारा सार्वजनिक पुजा समितिहरुलाई सरकारी अनुदान र बिजुली बिलसित सम्बन्धित सरकारी निर्णयहरुको घोषणा गर्नुहुन्छ।

****** ० ******

**गोपाल योन्जन प्रतिष्ठान-मिरिक**

गोपाल योन्जन प्रतिष्ठान-मिरिकका अध्यक्ष श्री सुक बहादुर गजमेरको अध्यक्षतामा आज सभा सम्पन्न भयो। सभाले आगमी २६ अगस्तको दिन वाग्येकार गोपाल योन्जन जन्मोत्सव साथै गोपाल गायन प्रतियोगिता-२०२४ एवं नागरिक अभिनन्दन कार्यक्रम गर्ने निर्णय लिएको छ । वाग्येकार गोपाल योन्जन जन्मोत्सव अन्तर्गत हुने मिरिक महकमा स्तरीय अन्तर विद्यालय गोपाल गायन प्रतियोगिताको निम्ति विद्यार्थीहरुलाई लिएर एउटै समूहमा प्रतियोगिता गरिने तय गरिएको जानकारी दिनुभएको छ। वाग्येकार गोपाल योन्जन जन्मोत्सवको अवसरमा यसबर्ष मिरिकका संगीत कला क्षेत्रमा महत्वपूर्ण योगदान दिनुहुने संगीतकारहरुलाई नागरिक अभिनन्दन जनाइने मूल सचिव केसाङ लामाले जानकारी दिनुभएको छ।

****** ० ******

**दार्जीलिंग नगपालिका -अतिक्रमण**

दार्जीलिं****** ० ******

ग नगपालिकाले पूर्वनिर्धारित घोषणा अनुसार शहर को बाटा नजिक का परिसरलाई स्वच्छ र फराकिलो बनाउने उदेश्य राखेर आज देखि अबैध प्रकारले बनाइएका दोकानहरु हटाउन शुरु गरेको छ स वाहनहरु संगै मानिसहरुको भीड जम्ने शहरको यस परिसरलाई  अतिक्रमण मुक्त बनाउन नगपालिकाले यो  अभियान शुरु गरेको जानकारी प्राप्त भएको छ स नगरपालिका प्रशासनले अबैध दोकानहरु हटाएर बाटो खुल्ला गरेकोमा स्थानीय नागरिकहरुले राहत को श्वास फेरेका छन् स

****** ० ******